सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

GP3H+XMG Sarawal
+977 9857046266

प.सं.०७८/०७९
च.नं.

मितिः २०७९/०२/३१

## गरिव घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम सम्बन्धी सूचना।

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गरिव घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम हाम्रो सरावल गाउँपालिकामा हाल संचालन भईरहेको कुरा विदितै छ। गरिव घर परिवार पहिचानका लागी आवश्यक तथ्याङ्क संकलन गर्न यस गाउँपालिकाबाट खटाईएका सुपरिवेक्षक र गणकहरु आफ्नो परिचयपत्र सहित यहि असार मसान्त सम्म हजुरहरुको घर-घरमा आईरहनु भएको छ।

तसर्थ, गरिव घर परिवार पहिचानका लागी आवश्यक तथ्याङ्क संकलन कार्य सम्पन्न हुन लागेकोमा कोही व्यक्ति/परिवार तथ्याङ्क संकलन कार्यमा छुट्नु भएमा यथासिध्र यहि असार १५ गते सम्म आ-आफ्नो सम्बन्धित वडाको कार्यलय वा गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहुन यस सूचना मार्फत अनुरोध गर्दछौं।

साथै कोहि व्यक्ति/परिवार पनि नछुटी आफ्नो सत्य-तथ्य जानकारी प्रदान गर्न/गराउन सहयोग गर्नुहुन समस्त जनप्रतिनिधि, कर्मचारी, समाजसेवी लगाएत समस्त सरावल गाउँपालिकावासीहरु सम्पूर्णमा हार्दिक अनुरोध छ ।

कृष्ण प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत